# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, भदौ २१ गते २०४० साल ( अतिरिक्ताङ्क २४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको

### सूचना

पञ्चायत नीति तथा जाँचबुझ समिति (पहिलो संशोधन) नियमावली, २०४०

श्री ५ महाराजाधिराजबाट नेपालको संविधानको धारा ४१ ख. को उपधारा (२) बमोजिम देहायको नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमावलीको नाम "पञ्चायत नीति तथा जाँचबुझ समिति (पहिलो संशोधन) नियमावली, २०४०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. पञ्चायत नीति तथा जाँचबुझ समिति नियमावली, २०३८ को नियम ५ मा संशोधनः पञ्चायत नीति तथा जाँचबुझ समिति नियमावली, २०३८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को,–

(१) उप-नियम (२) मा प्रयोग भइरहेको "पारिश्रमिक" भन्ने शब्दहरू झिकिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५५

(२) उप-नियम (२) पछि देहायको उप-नियम (३), (४) र (५) थपिएका छन्:–

"(३) नियम ३ को उप-नियम (१) को खण्ड (घ) र (ङ) अनुसारका सदस्यहरूले समितिमा पूरा समय काम गर्नेछन् ।

(४) नियम ३ को उप-नियम (१) को खण्ड (क), (ख) र (ग) अनुसारका सदस्यहरूले आन्तरिक कार्यविधिमा तोकिएबमोजिम बैठक भत्ता पाउनेछन् ।

(५) नियम ३ को उप-नियम (१) को खण्ड (घ) र (ङ) अनुसारका सदस्यहरूले देहायबमोजिमको पारिश्रमिक तथा भत्ता पाउनेछन्:–

(क) राष्ट्रिय पञ्चायतका सदस्यले पाए सरहको पारिश्रमिक,

(ख) राष्ट्रिय पञ्चायतको अधिवेशनकालमा राष्ट्रिय पञ्चायतका सदस्यले पाए सरहको भत्ता।"

३. मूल नियमावलीको नियम १३ मा संशोधनः मूल नियमावलीको नियम १३ को उप-नियम (२) पछि देहायको उप-नियम (३) थपिएको छः–

"(३) समितिले आफ्नो काम कारवाई गर्न अञ्चल तथा जिल्लाहरूमा आवश्यकतानुसार उप-समितिहरू गठन गर्न सक्नेछ ।"

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४००